# वेलका नगरपालिका

# स्थानीय राजपत्र

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम वेलका नगरकार्यपालिकाबाट स्वीकृत ***"वेलका नगर कार्यपालिकाको डोजर, व्याकहो लोडर तथा ट्र्याक्टर सचालन कार्यविधि, २०७५"*** ।

वेलका नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, रामपुर

उदयपुर, जिल्ला

१ नं. प्रदेश, नेपाल

# वेलका नगरपालिकाको डोजर,व्याकहो लोडर तथा ट्याक्टर संचालन कार्यविधि - २०७५

पृष्ठभूमि :- वेलका नगरपालिका २०७३ सालमा स्थापना भएको नगरपालिका हो । यस नगरपालिकाको वडा न..५,६,७ र ८ वडाहरु पहाडी क्षेत्रमा रहेका छन् । ती वडाहरुमा हाल सम्म पनि मोटर वाटो पुग्न सकेको छैन् । ती क्षेत्र चट्टानयुक्त क्षेत्र भएकोले वाटो लैजान कठिनाई भएको अवस्था छ । नगरपालिका वडाहरुले डोजर तथा व्याहकहो लोडर भाँडामा लिई संचालन गर्दा महँगो पर्ने,भाडादर फरक पर्ने हुँदा नगरपालिकाको वजेट वाट नै १ थान डोजर ,एकथान व्याकहो लोडर तथा २ थान ट्याक्टर खरीद गरी संचालन गरिरहेको अवस्था छ । आगामी दिनमा पनि यस्ता भारी उपकरण खरीद गरी संचालन गर्नुपर्ने अवस्था रहेको हुँदा नगरपालिकामा भएका भाँरी उपकरण तथा सवारी साधनहरुको प्रयोग र संचालनमा स्पष्टता एकरुपताका लागि संचालन कार्यविधि निर्माण गर्न आवश्यक देखिएको हुदा स्थानिय सरकार संचालन ऐन २०७४ अनुशार यो कार्यविधि वनाई नगरपालिकावाट स्वीकृत गरी लागू गरिएको छ ।

१) **संक्षिप्त नाम र प्रारम्भ** यो कार्यविधिको संक्षिप्त नाम वेलका नगरपालिकाको डोजर, व्याकहो लोडर तथा टयाक्टर संचालन कार्यविधि २०७५ रहेको छ ।

**२. परिभाषा :- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

क) **भारी उपकरण** भन्नाले वाटो सडक निर्माणका लागि विशेष गरी नयाँ ट्र्याक खोल्न ढुङ्गा फोड्न,चट्टान काट्नका लागि उपयोग हुने डोजर / एक्साभेटर र व्याकहोलोडरलाई सम्फनु पर्नेछ ।

ख) **समिति** भन्नाले यस नगरपालिकाले भारी उपकरण तथा सवारी साधनहरु संचालन तथा व्यावस्थापनका सम्वन्धमा गठन भएको उल्लेख गरिए वमोजिमको समिति भन्ने सम्फनु पर्दछ ।

ग) **उपभोक्ता समिति** भन्नाले भारी उपकरण तथा सवारी साधनहरु उपयोग गर्ने नियमानुशार गठन भएका नगरपालिका क्षेत्र भित्रका स्वीकृत योजनाका उपभोक्ता समितिलाई सम्फनु पर्छ ।

घ) **वडा अध्यक्ष** भन्नाले जुन वडामा भारी उपकरण वा सवारी साधन परिचालन उपयोग भएको छ सोही वडाको वडा अध्यक्षलाई सम्फनु पर्छ ।

ङ) **सहयोगी** भन्नाले भारी उपकरण ट्याक्टरमा चालकलाई सहयोग गर्ने व्याक्तिलाई वुफ्नु पर्छ ।

च) **चालक** भन्नाले एक्साभेटर ,व्याकहोलोडर तथा टयाक्टरका सवारी चालकलाई सम्फनु पर्दछ ।

छ ) **कार्यालय** भन्नाले वेलका नगर कार्यपालिकाको कार्यलयलाई सम्फनु पर्दछ ।

ज) **भाडा** भन्नाले नगरपालिकाको स्वामीत्वमा रहेका व्याकहो लोडर , एक्साभेटर र टयाक्टर उपयोग गरे वापत तिर्नु बुझाउनु पर्ने शुल्क/भाडा रकमलाई बुझाउने छ ।

झ) **प्रयोगकर्ता** भन्नाले भारी उपकरण तथा सवारी साधनहरु प्रयोग गर्ने उपभोक्ता समिति संघ/संस्था व्यक्ति वा निकाय सम्झनु पर्दछ ।

ञ) **नगरपालिका** भन्नाले वेलका नगरपालिकालाई बुझ्नु पर्दछ ।

ट) **लगसिट** भन्नाले भारी उपकरणमा प्रयोग भएको इन्धन र उक्त उपकरण उपयोग हुँदा लागेको समय उल्लेख गरीएको कागज लाई बुझीन्छ ।

**३. व्यावस्थापन समिति :-**

क) वेंलका नगरपालिकाको एक्साभेटर तथा व्याकहोलोडर संचालन तथा व्यावस्थापन गर्नका लागि देहाय वमोजिमको समिति गठन हुनेछ । उक्त समितिले वैठक वसी निर्णय गरेर यस्ता भारी उपकरणहरुको संचालन तथा व्यावस्थापनमा सहजिकरण गर्नेछ ।

**क.१ समिति संरचना :**

१. मोहन घिमिरे - अध्यक्ष

२. वसन्त मगर - सदस्य

३.जय कुमार राई - सदस्य

४. उपेन्द्र थापा - सदस्य

५. उमेश कटुवाल - सदस्य सचिव

**४. भारी उपकरण संचालन हुने योजना :-**

क) वेलका नगरपालिकाले नगरसभा द्धारा विनियोजन गरेको योजनामा मात्रै स्क्याभेटर र व्याकहोल्डर संचालन उपयोग गरिने छ । एक आर्थिक वर्षमा तोकिएका योजनाको कार्यसम्पन्न भईसकेको अवस्थामा मात्रै अन्यत्र भारी उपकरण परिचालन गरिने छ । प्रकोप व्यवस्थापन दुर्घटना व्यवस्थापन र महामारी नियन्त्रणमा जुनसुकै समयमा पनि भारी उपकरणहरुको उपयोग हुनेछ ।

## ५. भारी उपकरण प्रयोग गर्ने विधि :-

क) नगरपालिकाको विनियोजित योजनाको उपभोक्ता समिति गठन भए पश्चात व्यवस्थापन समिति संग समन्वय गरी स्काभेटर वा व्याकहो लोडर परिचालनका लागि लैजान सकिनेछ ।

ख) योजनामा उपयोग हुने साधनमा नगरपालिकाको तर्फवाट इन्धन डिजेल लगाउनु पर्नेछ ।

ग) योजनामा के कती समय भारी उपकरण प्रयोग हुन्छ त्यसको विवरण (लगसिट ) चालक, उपभोक्ता समिति अध्यक्ष वडा अध्यक्षले टिपोट गरी सिफारिश गर्नु पर्नेछ ।

घ) व्यवस्थापन समितिका सदस्यहरुले योजनामा परिचालन भएको साधनहरुको अनुगमन गर्न सक्नेछ ।

ङ) योजनामा परिचालन भएको साधनको सुरक्षा गर्ने दायित्व सम्वन्धित उपभोक्ता समितिका सदस्यहरु साधनं चालक र वडा अध्यक्षको हुनेछ ।

च ) सिफारिश गरिएको लगसिट वमोजिम तोकिएको भाडादर लाई जम्मा समयले गुणनगरी सम्वन्धित योजनाको अन्तिम भुक्तानी हुँदाको वखत साधनहरुको सम्पुर्ण भाडा रकम कट्टा गरेर वाकी रहेको रकम मात्रै सम्वन्धित उपभोक्ता समितिलाई भुक्तानी दिईनेछ ।

छ ) व्यावस्थापन समिति कुन वडाको कुन टोलको र कुन योजनामा भारी उपकरण परिचालन गर्ने हो त्यही अनुरुप सम्वन्धित वडा अध्यक्षको सिफारिशमा परिचालन गरिनेछ ।

ज) उपभोक्ता समितिको अध्यक्षले भारी उपकरण प्रयोग भएको समय देखि सकिने समय सम्मको समय टिप्नु पर्नेछ त्यसको विवरण चालकले राख्नेछ र त्यसको नियमित अनुगमन वडा अध्यक्ष वा निजले तोकेको सदस्यले गर्नु पर्नेछ ।

झ) योजनामा भारी साधन परिचालन गरे पश्चात इन्धन सकिए पछि वडा अध्यक्ष मार्फत तेलको माग गर्नु पर्नेछ । प्रमुख प्रशासकिय अधिकृतको आदेशमा लगवुक सगै इन्धनको कुपन काटी नगरपालिकाको ट्याक्टरमा ड्रममा हाली इन्धन पुर्‍याउनु पर्नेछ ।

ञ) नगरपालिकाको स्वीकृत योजनामा विनियोजित भएको वजेट र उक्त योजनामा परिचालन भएको भारी उपकरणको समय तुलना गरिनेछ र तोकीएको दर रेट अनुशार लाग्ने सम्पुर्ण भाडा र करको रकम यकिन गरी विनियोजित वजेट भन्दा वढी नहुने गरी मात्रै भारी उपकरण परिचालन गर्नु पर्दछ ।

## ६ ) भारी उपकरण तथा सवारी साधनहरुको भाडा दर

**वेलका नगरपालिकाको नगर सभाले स्वीकृत गरी विनियोजन गरेको योजनामा -**

**क)** एक्सा भेटर / डोजर प्रति घण्टा रु ३०००।- व्याकहो लोडर प्रतिघण्टा रु १४००। ट्याक्टर दुरि हेरी सम्वन्धित वडा अध्यक्षको सिफारीस वमोजिम न्युनतम् रु ३००।-र अधिक्तम् दुरीका आधारमा एकिन हुनेछ ।

**ख)** परिचालन भएको भारी उपकरणको लागि लाग्ने सम्पुर्ण तेल इन्धन र मर्मत सम्भारको रकम नगरपालिकावाट नै भुक्तानी हुनेछ ।

**ग)** उपरोक्त्त अनुसारको भाडा रकम योजना सम्पन्न भए पश्चात वा चालु रनिङ्ग विल भुक्तानी हुदा योजनामा विनियोजित वजेट वा सम्वन्धित योजनामा उपकरण उपयोग परिचालन भएको समय सवै पक्ष वाट एकिन गरी सम्वन्धि प्राविधिकको कार्य सम्पन्न मुल्याकनको आधारमा विनियोजित वजेट वाट कट्टा गरी वाकी रकम मात्रै सम्वन्धित उपभोक्ता समितिलाई भुक्तानी दिइनेछ ।

**वेलका नगरपालिकाले विनियोजन गरे भन्दा अन्यत्रको योजनाको हकमा** डोजरको भाडा कर वाहेक रु ४५००।- र व्याकहो लोडरको कर वाहेक रु २०००।- हुनेछ ।

## ७ इन्धन तथा मर्मत सम्भारको रकम भुक्तानी गर्ने सम्वन्धमा

**क)** नगरपालिकाको विनियोजित वजेटमा भारी उपकरण परिचालन हुदा नगरपालिकाले नै इन्धन आपुर्ति गर्नु पर्ने र इन्धन सहितको भाडा दर निर्धारण गरेको हुदा यसरी योजनामा परिचालन हुने डोजर र व्याकहो लोडरको इन्धन र मर्मत सम्भारको रकम सम्वन्धित शिर्षक वाट विनियोजन भएको मात्र भुक्तानी हुने अवस्था नहुने भएकोले इन्धन र मर्मतका लागि दिएको अर्डर सिलिप र चालकको सिफारिस वमोजिम जुन योजनाको लागी इन्धन र मर्मत खर्च भएको छ सोही योजनावाट नै इन्धन र मर्मतको रकम भुक्तानी हुनेछ र योजनाको अन्तिम फरफारक गर्दा इन्धन र मर्मतमा खर्च भएको रकम हिसाव गरी भारी उपकरणको कुल भाडा रकम मिलान गरिनेछ ।

## ८ चालक तथा सहयोगीहरुको तलव तथा भत्ता रकम

क) चालकको नियुक्ति हुदा मासिकरुपमा तोकिएको तलव सम्झौता अनुशार भुक्तानी हुनेछ । डोजर एक्साभेटरको चालकको लागि प्रतिघण्टा रु १००।- र व्याकहो लोडर चालकका लागि प्रतिघण्टा रु ८०।-प्रोत्साहन भत्ता वापतको रकम दिइनेछ । उक्त प्रोत्साहन भत्ताको रकम प्रदान गर्ने वडा अध्यक्ष वाट सिफारिस भइ प्राविधिकको सिफारिशमा प्रदान गरिनेछ ।

ख) सहयोगीहरुको तलव तथा भत्ता सम्झौमा उल्लेख गरिए वमोजिम हुनेछ ।

अनुसूचि :- १

योजनाको समय एकिन गरी सिफारिश गर्ने नमूना

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यू

वेलका नगरपालिका ,उदयपुर ।

विषय : **भारी उपकरण परिचालन भएको समय एकिन गरिएको ।**

उपरोक्त विषयमा वेलका नगरपालिकाको स्वामित्वमा रहेको भारी उपकरण ( एक्साभेटर/व्याकहो लोडर ) वडा नं.................. को ................................................................ योजनामा परिचालन भएको हो । उक्त योजनामा मिति ........................................ देखि मिति ................................ सम्म जम्मा........................... घण्टा एक्साभेटर / व्याकहो लोडर संचालन भएको व्यहोरा प्रमाणित गर्दछौ र उक्त योजना संचालन गर्न नगरपालिकाको एक्साभेटर / व्याकहो लोडर उपयोग गर्दा हाम्रो अनुरोधमा................................. लिटर डिजेल र ग्रीज.................... किलो प्राप्त भई उपयोग भएकोले यस योजनामा खर्च भएको इन्धन र मर्मत सम्भारको रकम यसै योजनामा विनियोजित वजेट वाट खर्च गर्न सिफारिश गर्दछौ ।

**डोजर/व्याकहोलोडर चालकको सहि**

**उपभोक्ता समितिका अध्यक्षको सहि**

**वडा अध्यक्षको सही**